# बाँफिकोट गाउँपालिकाको राहत उद्दार तथा सहायता वितरण कार्यविधि, २०८०

## प्रस्तावना

बाँफिकोट गाउँपालिकाको क्षेत्रभित्र विपद् कडा रोग तथा अशक्तता र गरिबीको कारणले गाउँबासीहरुलाई राहत तथा आर्थिक सहायता प्रदान गर्ने काममा एकरुपता ल्याउन बान्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०(२२) ले दिएको अधिकार प्रयोग गरी बाँफिकोट गाउँपालिकाको राहत उद्दार तथा सहायता वितरण कार्यविधि, २०८० लागु गरिएको छ।

**भाग १ : सक्षिंप्त नाम र प्रारम्भ**

१.१ यो कार्यविधिको नाम बाँफिकोट गाउँपालिकाको राहत उद्दार तथा सहायता वितरण कार्यविधि, २०८० हुनेछ।

१.२ यो कार्यविधि बाँफिकोट गाउँपालिकाको कार्यपालिकाले पारित गरेको मिति देखि लागु हुनेछ।

१. "ऐन" भन्नाले स्थानीय सरकार ऐन, २०७४, गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ र बाँफिकोट गाउँपालिकाको विपद् व्यवस्थापन ऐनलाई सम्झनु पर्दछ।

२. "गाउँ कार्यपालिका" भन्नाले बाँफिकोट गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनुपर्दछ।

३. "विपत्" भन्नाले संघीय विपद् जोखिम न्यनीकरण तथा व्यवस्थापन ऐन, २०७४ र बाँफिकोट गाउँपालिकाको विपद् जोखिम सँग सम्बन्धित मानव सिर्जित तथा प्राकृतिक रुपमा घटने आकस्मिक घटनालाई सम्झनु पर्दछ।

४. "गरिब" भन्नाले बडाले सिफारिस गरेका बाँफिकोट गाउँपालिका क्षेत्र भित्र रहेका व्याक्तिहरुलाई सम्झनु पर्दछ।

५. "कडा रोग भन्नाले स्वास्थ्य मन्त्रालयले कडा रोग भनी किटान गरेर विपन्न नागरिकलाई स्वास्थ्य सेबामा उपचार सहुलियत दिने मुटुरोग, मृगौलारोग, क्यान्सर, स्पाईनल ईन्जुरीलाई सम्झनु पर्दछ।

**कार्यविधिको उद्धेश्य**

यस कार्यविधिको उद्धेश्य बाँफिकोट गाउँपालिकाभित्र विपद् कडा रोग तथा आर्थिक विपन्नताका कारणले गाउँपालिका क्षेत्रभित्रका नागरिकहरुलाई राहत प्रदान गर्ने काममा एकरुपता र स्पष्टता कायम गर्नु रहेको छ।

**भाग २ : राहत वितरण सम्बन्धी व्यवस्था**

२.१ विपद्को घटनामा परी कुनै व्यक्तिको मृत्यू भएको रहेछ भने राहत स्वरूप प्रति मृतक रु. १५००० का दरले मृतकका परिवारलाई सहयोग उपलब्ध गराईनेछ।

२.२ विपदबाट घर पूर्णरुपमा नष्ट भएका वा खाद्यान्न बाली तथा जग्गा जमीन समेत नोक्सानी भै तत्काल गुजाराको लागि आवश्यक व्यवस्था गर्नको लागि रु.१२००० प्रति परिवार सहयोग उपलब्ध गराईनेछ।

२.३ विपदको घटनामा परी घाइते हुनेहरुलाई सरकारी अस्पतालबाट उपचार गरी घर जान आर्थिक सहयोग स्वरुप प्रति व्यक्ति रु.५०००/ यातायात खर्च दिईनेछ।

२.४ कडा रोग भनी किटान भएका मुटुरोग, रु १००००/ मृगौलारोग, रु १००००/ क्यान्सर, रु २५००००/ स्पाईनल ईन्जुरीलाई रु १००००/ आर्थिक सहयोग उपलब्ध गराइनेछ।

बाँफिकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बाँफिकोट, रुकुम (पश्चिम) कर्णाली प्रदेश, नेपाल २०७३

श्री जनक कुमारी बाँठा मगर
अध्यक्ष

२.५  आत्महत्यासँग सम्बन्धित मृतकको पोष्टमार्टम खर्चकालागि यातायात खर्च रु १५०००। सहयोग उपलब्ध गराइनेछ ।

२.६ बाँफिकोट गाउँपालिकाको विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, बमोजिमको विपद व्यवस्थापन कोष निर्माण तथा खाता सन्चालन गरी सोही खातामा खर्च लेखिनेछ । सो नहुदा सम्म चालु खर्च खाता कोषको विपद राहत उद्दार सहयोग शिर्षकबाट खर्च लेखिनेछ ।

२.७ बाँफिकोट गाउँपालिकाभित्र कडा रोग लागि उपचार गराउनुपर्ने का लागि राहत रकम दिन प्रयोजनका लागि बडाको सिफारिस, डाक्टरको निदान पत्र, निवेदन नागरिकता चेकको प्रतिलिपि र बाँफिकोट गाउँपालिका कार्यालय स्तरीय बैठकमा अध्यक्ष उपाध्यक्ष प्रमुख प्रशासकीय अधिकृत लेखा शाखा प्रमुख प्रशासन शाखा प्रमुखको उपस्थित वैठकबाट निर्णय गरी राहत उपलब्ध गराईनेछ ।

२.८ बाँफिकोट गाउँपालिकाभित्र प्राकृतिक तथा विपदजन्य अवस्थाका ब्यक्ति परिवारलाइ राहत रकम दिने प्रयोजनकालागि बडाको सिफारिस, प्रहरी मुचुल्का घटनाको फोटो र निवेदन नागरिकता चेकको प्रतिलिपि सहिति बाँफिकोट गाउँपालिका कार्यालय स्तरीय बैठकमा अध्यक्ष उपाध्यक्ष प्रमुख प्रशासकीय अधिकृत लेखा शाखा प्रमुख प्रशासन शाखा प्रमुखको उपस्थित वैठकबाट निर्णय गरी राहत उपलब्ध गराईनेछ ।

२.९ विपद व्यवस्थापनमा भएको खर्च गाउँकार्यपालिकाबाट समर्थन गरी गाउँपालिका कार्यालयको वेभसाइट र सूचना पाटीमा राखिनेछ । साथै यस बमोजिम राहत पाउनेको नाम बतन समेतको विवरण गाउँ सभामा पेश गरिनेछ ।

**भाग ३ विविध**

३.१ यस कार्यविधिमा उल्लेखित प्रावधानहरूमा छुट हुन गई कुनै विषयवस्तु थपघट गर्न वा हटाउन वा परिमार्जन गर्न परेमा सम्बन्धीत ऐन नियमको परिधिभित्र रही गाउँ कार्यपालिकाले संशोधन गर्न सक्नेछ

३.२ यस कार्यविधिमा उल्लेख गरिएका प्रावधानहरुका हकमा यसै कार्यविधि अनुसार र उल्लेख नभएका विषयवस्तुका हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

३.३ यस अघि यसै प्रकृति बमोजिम भए गरेका कामहरु यसै बमोजिम भए गरेको मानिनेछ ।

३.४ यस कार्यविधिमा लेखिएका प्रावधानहरु प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ ।

बाँफिकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाँफिकोट, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

श्री जनक कुमार बाँठा मगर
अध्यक्ष